# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी

## एकीकृत कार्यविधि, २०७५ (तेश्रो संशोधन २०७७) को संशोधन एवं परिमार्जन तथा प्रभावकारी कार्यान्वयनका लागि

*(सुझाव-पत्र)*

**पेश गरिएको**

**नेपाल सरकार, मन्त्रिपरिषद,**

**मार्फत : मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदवार**

**श्री सचिवज्यू, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं (संयोजक, केन्द्रिय निर्देशन समिति)**

**श्री डेपुटी गर्भनरज्यू, नेपाल राष्ट्र बैंक (बैंक तथा बित्तिय संस्था नियमन विभाग), काठमाडौं**

*(मंसिर, २०७९)*

**प्रस्तुतकर्ता :**

**न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल), ज्वागल, ललितपुर**

**मुक्त कमलरी विकास मञ्च, केन्द्रिय कार्यालय, घोराही, दाङ्ग**

## विषय वस्तु


१. पृष्ठभूमि तथा सन्दर्भ ........................................................................ 2
२. रोजगारीको हकको संवैधानिक प्रत्याभूति :.................................................... 4
३. कार्यविधीको नीतिगत प्रतिवद्धता ............................................................ 4
४. कार्यविधि कार्यान्वयनको अवस्था ............................................................ 4
५. कार्यविधी कार्यान्वयनमा देखिएका चुनौतिहरु ................................................... 5
६. कार्यविधि कार्यान्वयनका सन्दर्भमा नागरिक समाजको छलफलबाट प्राप्त सुझावहरु ......... 6
७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु ........................................................................ 7

## १. पृष्ठभूमि तथा सन्दर्भ

सम्मानपूर्वक बाँच्न पाउने हक नागरिकको मौलिक हकका साथै कुनै पनि व्यक्तिको नैसर्गिक मानव अधिकार हो । सम्मानपूर्वक जीवन बाँच्नका लागि आर्थिक सवलता र आत्मनिर्भरता एउटा महत्वपूर्ण पक्ष हो । आफ्नो सीप, योग्यता, क्षमता तथा शारीरिक अवस्थाअनुसार काम गर्न पाउनु नै आत्मनिर्भरताको महत्वपूर्ण स्रोत हो भने यसको अवसर सृजना गर्नु राज्यको नागरिकप्रतिको प्राथमिक दायित्व र कर्तव्य पनि हो । विश्वव्यापी मानव अधिकारको घोषणापत्र, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि र अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित रोजगार तथा श्रम अधिकारसम्बन्धी थुप्रै दस्तावेजहरूले प्रत्येक व्यक्तिलाई कामको तथा स्वतन्त्रतापूर्वक रोजगारको छनोट गर्न पाउने अधिकार र उपयुक्त र अनुकूल अवस्थाहरूमा रोजगारको अधिकार सुनिश्चित गरेको पाइन्छ । जुन व्यक्तिको आर्थिक तथा सामाजिक अवस्थाको प्रवर्द्धन र अधिकारसँग जोडिएको हुन्छ । रोजगारीको हकलाई नेपालको संविधानको धारा ३३ ले मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । मौलिक हक कार्यान्वयनको लागि संविधान जारी भएको तीन वर्षभित्र आवश्यक कानुन बनाउनुपर्ने व्यवस्था संविधानमै उल्लेख गरेको हुनाले नेपाल सरकारले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा सो सम्वन्धी नियमावली, २०७६ मा जारी गरेको छ । यद्यपी खाद्य तथा आवासको अधिकारसम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य मानिएका नियमावलीहरु अझैपनि लागु नहुनुले मौलिक हकको कार्यान्वयनमा चुनौति थपेको छ ।

नेपालमा गरिवीको अवस्था कहालीलाग्दो छ । राष्ट्रिय योजना आयोग र अक्सफोर्ड पोभर्टी एण्ड ह्युमन डेभलपमेन्ट इनिसिएटिभ ओपीएच आइले सन् २०१८ मा गरेको मल्टी डाइमेन्सनल पोभर्टी इन्डेक्स नामक अध्ययन प्रतिवेदनका अनुसार समग्र नेपालमा २८.६ प्रतिशत नेपाली बहुआयामीक गरिवीको रेखामुनी रहेको देखाएको छ । त्यसैगरी नेपालमा दलितको जनसंख्या १३.५ भन्दा बढी रहेको छ । नेपालको जिवनस्तर सर्वेक्षण (सन् २०११) ले पहाडका दलित १५.३२ प्रतिशत र तराईका ४४ प्रतिशत दलित भूमिहिन अवस्थामा रहेका छन् ।

त्यसैगरी नेपालमा बेरोजगारी एउटा ठूलो चुनौतिको रूपमा रहेको छ भने रोजगारको खोजीमा कैयौ युवाहरू दिन प्रतिदिन वैदेशिक रोजगारमा जान बाध्य भएका छन् । शैक्षिक बेरोजगार र बिदेशिने युवाहरुको संख्या पनि कहालीलाग्दो अवस्थामा रहेको छ । नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत पुगेको छ।[1] केन्द्रीय तथ्यांक विभागको तथ्यांक अनुसार १५ वर्ष र त्योभन्दा धेरै उमेर समूहका २ करोड ७ लाख ४४ हजार जनसंख्यामध्ये ७० लाख ८६ हजार व्यक्ति रोजगारीको क्षेत्रमा छन् । बेरोजगारको संख्या ९ लाख ८ हजार रहेको विभागले जनाएको छ । उक्त तथ्यांकअनुसार सबैभन्दा बढी पुरुष ५ लाख ११ हजार र महिला ३ लाख ९७ हजार बेरोजगार रहेको तथ्य सार्वजनिक भएको छ।[2] बेरोजगार न्यूनीकरणको नाउँमा नेपालमा विभिन्न समयमा सरकारैपिच्छे विभिन्न नाउँमा युवा तथा बेरोजगारलाई केन्द्रित बनाई फरक-फरक कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला युवा स्वरोजगार कार्यक्रम र राष्ट्रपतिबाट महिला उद्यम कार्यक्रम आदि २०७५ सालमा कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम पनि एक महत्वपूर्ण प्रयासको रूपमा लिन सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा आ.व.

[1] नेपाल श्रम सर्वेक्षण, २०७४ केन्द्रिय तथ्याङ्क विभाग, नेपाल सरकार
[2] नेपालको बेरोजगारी दर ११.४ प्रतिशत पुग्यो । Ujyaalo Online: Nepal News, Nepali Samachaar

२०७६/०७७ मा बेरोजगारहरुलाई आफ्नो सुचिकृत गराउन गरिएको आव्हानमा सबै स्थानीय तहबाट ३,७०,७३४ जना व्यक्तिहरुले बेरोजगार रहेका सुचीमा सुचिकृत गराएका थिए[3] । यसबाट नेपालका बेरोजगारीको अवस्था कत्तिको कहालीलाग्दो छ भन्ने विषय सहजै अनुमान गर्न सकिन्छ ।

यसरी नेपालमा रहेको बेरोजगारीको अन्त्य गर्दै स्वरोजगार गराउनका लागि कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित तथा बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकिकरण एवम् प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरुको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान उपलब्ध गराउन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार यस सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी, २०७५ (तेश्रो संशोधन) लागू गरेको देखिन्छ ।

## २. रोजगारीको हकको संवैधानिक प्रत्याभूति :

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अभिसन्धीहरुको पक्ष राष्ट्र रहेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडा) तथा अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित रोजगार तथा श्रम अधिकारसम्बन्धी थुप्रै दस्तावेजहरूको पक्ष राष्ट्र भएको सन्दर्भमा मानव अधिकारसम्वन्धी अभिसन्धीमा व्यक्त प्रतिबद्धता कार्यान्वयन गर्नु राज्यको दायित्व हो । नेपालको संविधानको धारा ३३ र ३४ मा क्रमिक रूपमा रोजगारीको हक र श्रमको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । संविधानको प्रमुख धाराको रूपमा रहेको समानताको हकअन्तर्गत धारा १८ मा कसैलाई पनि भेदभाव गर्न नहुने र समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने समानताको हक प्रत्याभूत गरेको छ । धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक र धारा ३४ मा उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकसमेत प्रत्याभूत गरेको छ । व्यक्तिको मर्यादित रोजगार तथा शारीरिक तथा बौद्धिक श्रमको अधिकारसमेतलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

त्यसैगरी, संविधानको धारा ५१(झ) मा राज्यको श्रम तथा रोजगारसम्बन्धी नीतिको व्यवस्था गरी सबैको काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने नीति अंगीकार गरेको पाइन्छ । श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने नीति पनि रोजगारको हक सुनिश्चित सम्बन्धमा प्रमुख

[3] प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रतिवेदन आ.व. २०७६/०७७, कार्यकारी सारांशको बुदा नं.६

नीतिको रूपमा लिन सकिन्छ । यसरी रोजगार तथा श्रमसम्बन्धी अधिकारलाई संविधानले दाबी गर्न सक्ने मौलिक हकको रूपमा सुनिश्चित गर्नु आफैँमा सकारात्मक पक्ष हो ।

## ३. कार्यविधीको नीतिगत प्रतिवद्धता

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०६/०८ को निर्णयानुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ लागू भएको छ । हाल यसको तेश्रो संशोधन, २०७७ मा लागू भईरहेको छ । यसका लागि नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी मिति २०७७/०६/२७ ईजाजतपत्र प्राप्त “क” “ख” “ग” “घ” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई यस कार्यविधि लागू गर्ने निर्देशन जारी गरेको छ ।

## ४. कार्यविधि कार्यान्वयनको अवस्था

उक्त कार्यविधीको कार्यान्वयनका लागि नेपाल सरकारको बजेट वक्तव्य आ.व. २०७७/०७८ मा ब्याज, कर्जा सुरक्षण तथा बिमा प्रिमियम अनुदानको लागि रु.१३ अर्ब ९६ करोड विनियोजन गरेको थियो भने आ.व. २०७८/०७९ मा_लघु, साना तथा मझौला उद्योग, व्यावसायिक कृषि, युवा उद्यम, महिला उद्यम तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाका लागि रु. १३ अर्ब विनियोजन गरेको देखिन्छ ।

यस विषयमा स्थानीय तहमा कार्यान्वयनको अवस्था कस्तो छ भन्ने विषयमा अध्ययन तथा समीक्षा गर्नका लागि सुचनाको हकको प्रयोग गरि मुक्त कमलरी विकास मञ्च, केन्द्रिय कार्यालय, घोराही दाङले घोराही, दाङ्गस्थित आठवटा बैंकहरु (कृषि विकास बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लि., महालक्ष्मी विकास बैंक, सांग्रिला डेभलपमेण्ट बैक, ज्योति विकास बैंक, बैंक अफ काठमाडौं र एभरेष्ट बैंक लि.) सँग गत तीन आर्थिक बर्ष (आ.व. २०७६ देखि २०७८ सम्मको) मा प्रदान गरेको कर्जा प्रवाह अवस्थाको अध्ययन तथा तुलनात्मक समीक्षा गरिएको थियो । जसमा उक्त तीन आर्थिक वर्षमा ३२१ जनालाई उक्त सेवा प्रवाह भएको थियो । उपरोक्त बैंकहरुले हामीलाई उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७६ मा आठ मध्ये तीनवटा बैंकले मात्र जम्मा २७ जनालाई, आ.व. २०७७ मा आठ मध्ये छ वटा बैंकले मात्र जम्मा ११४ जनालाई र आ.व. २०७८ मा आठ वटा बैंकले जम्मा १८० जनालाई विभिन्न कर्जा प्रवाह गरेको पाईएको छ । उक्त विषय सार्वजनिक गर्न तथा यस विषयमा नीतिगत तथा कार्यान्वयनका विषयमा सुधारका लागि के गर्न सकिन्छ भन्ने विषयमा आइ.एम. स्विडिस डेभलपमेन्ट पार्टनरसँगको सहयोगमा छलफल कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

उक्त अध्ययनको निष्कर्षका विषयमा छलफल गर्न, नीतिगत सुधारका लागि सरोकारवालाको राय सुझाव लिन र कर्जा प्रवाहको अवस्था सुधारका विषयमा केन्द्रित रही न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल), ललितपुर र मुक्त कमलरी विकास मञ्च, दाङको आयोजनामा **सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धि कार्यविधी कार्यान्वयन अवस्था, चुनौती र सुझाव विषयक अर्न्तक्रिया कार्यक्रम** समेत

२०७९ भदौ ९ गते दाङमा आयोजना गरिएको थियो । घोराही उप महानगरपालिकाका उपमेयरको प्रमुख आतिथ्यता तथा विभिन्न वडाका जनप्रतिनिधि, विभिन्न बैक तथा बित्तीय संस्था, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु समेत ६४ जनाको सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यविधिको नीतिगत समीक्षा र सोको विषयमा गरिएको छलफलका आधारमा यस कार्यविधिको कार्यान्वयनमा विभिन्न चुनौतिहरु रहेको देखियो ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधिको नीतिगत समीक्षा तथा दाङमा आयोजित अर्न्तक्रिया कार्यक्रममा विभिन्न निकाय, बैक तथा संघ संस्थाका प्रतिनिधिहरुबाट प्राप्त भएका सुझाव समेतका आधारमा कार्यविधि कार्यान्वयनमा देखिएका चुनौतिहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

## ५. कार्यविधी कार्यान्वयनमा देखिएका चुनौतिहरु

- ✓ कार्यविधि विशेषगरी आर्थिक विकास र नागरिकको जिवनस्तर उकास्नका लागि महत्वपूर्ण खुट्किलो भएको भएपनि कार्यविधिका कतिपय प्रावधानहरु नागरिकमैत्री हुन नसक्नुका साथै ब्याज अनुदान प्राप्त गर्ने प्रक्रियागत कठिनाई र केही नीतिगत अस्पष्टताहरु कायम रहेको देखिन्छ । यस सम्वन्धी नीतिगत सुझावहरु तीन महले नीतिगत सुझाव खण्डमा समावेश गरिएकोले यहाँ पुनरावृति गरिएको छैन ।
- ✓ यस सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्वन्धी कार्यविधिका बारेमा आर्थिकरुपमा विपन्न, विकासको अवसरवाट पछाडि पारिएको समुदाय, सिमान्तकृत, दलित, लोपोन्मुख समुदाय साथै मुक्त कमलरी तथा तिनका परिवार लगायतका समुदायहरु तुलनात्मकरुपमा सूचनाको पहुँचबाट बिमुख रहेको,
- ✓ यस सहुलियतपूर्ण कर्जा लिने प्रक्रियाका बारेमा, विकासको अवसरवाट पछाडि पारिएको समुदाय, सिमान्तकृत, दलित, लोपोन्मुख समुदाय लगायतका समुदायहरुको पहुँच न्यून रहेको,
- ✓ यदि केही व्यक्तिहरुले उक्त कर्जाको बारेमा जानकारी लिन बैंकमा गएमा पनि कर्जाको कोटा सकिएको भनि बैंकहरुले भन्ने गरेको नागरिक गुनासो रहेको,
- ✓ रु. १० लाख सम्म विभिन्न प्रकारका कर्जा लिनका लागि सम्पति धितो राख्नु नपर्ने नीतिगत व्यवस्था भए तापनि बैंकहरुले विना धितो कर्जा दिन इन्कार गर्ने गरेको,
- ✓ राष्ट्र बैकले संघीय तहबाट सिधै यो कार्यविधिका सुविधाहरु कार्यान्वयन गर्ने भएको सन्दर्भमा देश संघीय संरचनामा गएको भएपनि राष्ट्र बैंकको आफ्नो संरचना प्रदेश, जिल्ला तथा स्थानीय तहमा नभएको र अन्य सरकारी संरचनालाई पनि उक्त भूमिका नदिएको सर्न्दभमा यसको अनुगमन, समन्वय र सहजिकरणका लागि संस्थागत संरचनाको अभाव रहेको,
- ✓ सहुलियतपूर्ण कर्जा प्राप्त गर्नका लागि लक्षित व्यक्ति को हो भन्ने विषय स्थानीय सरकारको समेत पहुँचको विषय भएको र यस प्रकारको सुविधा तोकिएको लक्षित व्यक्तिले नै प्राप्त गरोस् भन्ने विषयमा निर्देशिका मौन देखिदा यसको कार्यान्वयनमा वा अनुदान रकम असुलीमा समस्याहरु रहेको,
- ✓ सहुलियतपूर्ण कर्जाको लागि आवश्यक पर्ने कागजी प्रमाण र सिफारिस प्रक्रियाले लक्षित वर्ग सुविधा लिनबाट बञ्चितिमा पर्ने गरेको, र

एकल महिला वा परिवारका अन्य सदस्य विहिन भएका सेवाग्राहीले कर्जा लिन नसक्ने अवस्था कार्यविधिले श्रृजना गरेको पाईएको छ ।

## ६. कार्यविधी कार्यान्वयनका सम्वन्धमा नागरिक समाजको छलफलबाट प्राप्त भएका सुझावहरु

- ✓ सहुलियतपूर्ण कर्जाका योजनाहरु र यसका लक्षित समूदाय तथा सो सुविधा प्राप्त गर्नका लागि पुर्‍याउनुपर्ने आवश्यक प्रक्रियाका बारेमा सम्वन्धित बैंकले सूचना प्रवाह बाध्यकारी रुपमा गर्नुपर्ने व्यवस्थालाई नेपाल राष्ट्र बैंकले कार्यविधिमा नै समावेश गर्नुपर्ने ।
- ✓ कर्जा प्रवाहमा यस प्रकारको सहुलियत आवश्यक परेका व्यक्ति, परिवार वा लक्षित समूदायलाई अभिमुखीकरण गर्ने र आर्थिकरुपमा विपन्न व्यक्तिको पहुँचका लागि त्यस्ता व्यक्तिहरुको पहुँच अभिबृद्धिमा जोड दिनुपर्ने विषयलाई पनि कार्यविधिमा थप गरिनुपर्ने ।
- ✓ बैंकहरुले प्रक्रियागत झण्झट देखाई यस प्रकारको अनुदान प्रदान गर्ने कोटा बाँकी हुँदा पनि कोटा सकियो भनी यसका लक्षित लाभग्राहीलाई बिमुख गर्ने कार्यलाई नियमन गर्न यसरी ऋण लिनेहरुको विवरण आवधिकरुपमा सार्वजनिक गर्ने गरी कार्यविधिमा संशोधन गर्नुपर्ने ।
- ✓ रु. १० लाख सम्म विभिन्न कर्जा लिनका लागि सम्पति धितो राख्नु नपर्ने नीतिगत व्यवस्था भए तापनि दाङ जिल्लामा सम्पन्न छलफल कार्यक्रममा बैंकहरुले विना धितो कर्जा दिन इन्कार गर्ने गरेको पाइएकोले नीतिगत व्यवस्थाको यथोचित पालना भए नभएको विषयमा नेपाल राष्ट्र बैंक र सम्वन्धित संरचनामा उल्लेखित पदाधिकारीहरुले आवधिकरुपमा प्रदेश, जिल्ला तथा स्थानीय तहमा अनुगमन गर्नुपर्ने व्यवस्थालाई कार्यविधिमा समावेश गरिनुपर्ने ।
- ✓ देश संघीय संरचनामा गएको सन्र्दभमा राष्ट्र बैंकको उक्त सेवालाई प्रदेश, जिल्ला तथा स्थानीय तहमा विस्तार गर्नका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गर्नुपर्ने ।
- ✓ सहुलियतपूर्ण कर्जा प्राप्त गर्नका लागि लक्षित व्यक्ति को हो भन्ने विषय तथा त्यस्तो कर्जा जोखिममा नपरोस् भन्नका लागि स्थानीय निकायले समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने भएकोले स्थानीय सरकारसँगको समन्वयमा यस प्रकारका सहुलियतपूर्ण योजनालाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा समन्वय र सहकार्य गर्नेगरी नीतिगत र कार्यविधिगत व्यवस्था गर्नुपर्ने । यसका लागि जिल्लास्तर वा स्थानीयस्तरमा एक संरचना बनाउन उपयुक्त हुने ।
- ✓ रु. दशलाख भन्दा कमका ऋण लघुवीत्त संस्थाहरु मार्फत लगानी गर्ने व्यवस्था हुदा लाभग्राहीहरुलाई सहज हुने ।
- ✓ यसरी कर्जा लिई व्यवसाय गर्नेहरुलाई व्यवसायको विभिन्न विषयमा परामर्श दिन कुनै न कुनै तहमा व्यवसायिक परामर्श सेवा उपलव्ध हुने व्यवस्था गनुपर्ने ।
- ✓ सहुलियतपूर्ण कर्जाको पहुँचमा आर्थिकरुपमा विपन्न तथा सिमान्तकृत वर्गलाई ल्याउनका लागि सम्वन्धित बैंकमा हेल्प डेक्सको सहायतामार्फत सहजिकरण गर्नुपर्ने ।
- ✓ एकल महिला वा परिवारमा एकजनामात्र भएका वा अन्य सदस्य विहिन भएका सेवाग्राहीले पनि कर्जा लिन सक्ने अवस्था श्रृजना गर्न कार्यविधिमा आवश्यक संशोधन गरिनुपर्ने ।

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र. स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| १ | परिच्छेद १, बुदा नं. (२) (ख) : "उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनुपर्छ । | "उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनुपर्छ । | शिक्षा र व्यवशाय सञ्चालन गर्न पाउने विषय उमेरका आधारमा बन्देज गर्न नहुने तथा मौलिक हकको विषय भएकोले उच्च र प्राविधिक तथा व्यावशायिक शिक्षा प्राप्त गर्नमा उमेरको हदवन्दी राख्नु उपयुक्त नहुने । |
| २ | परिच्छेद १, बुदा नं. (२) (ध) : "शिक्षित युवा स्वरोजगार कर्जा" भन्नाले कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरुलाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनुपर्छ । | "शिक्षित युवा स्वरोजगार कर्जा" भन्नाले कम्तीमा माध्यामिक शिक्षा वा कक्षा १२ वा सो सरहको अध्ययन पुरा गरेका युवालाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनुपर्छ । | अझैपनि नेपालका धेरैजसो स्थानमा उच्च शिक्षा अध्ययन गर्ने अवसर नभई आफ्नो घरबाट टाढा बसेर मात्र अध्ययन गर्नुपर्ने बाध्यता रहेको र विशेष गरी आर्थिकरुपमा विपन्न, दलित, सिमान्तकृत समुदाय, लोपोन्मुख समुदायका व्यक्ति र महिला भौगोलिक वा आर्थिक कारणबाट उच्च शिक्षाबाट बञ्चित भएको देखिन्छ । त्यसैले आर्थिकरुपमा विपन्न, महिला तथा दलित समूदायका लागि यस प्रकारका अवसर श्रृजना गर्नका लागि स्नातक वा सो सरहको सीमालाई केही कम गरी कक्षा १२ वा सो सरहको गर्नु उपयुक्त देखिन्छ । किनकी कक्षा १२ सम्मको शिक्षा उच्च शिक्षाको तुलनामा केही सहज भएको देखिन्छ । |
| ३ | परिच्छेद १, बुदा नं. (२) (न) : "युवा वर्ग स्वरोजगार कर्जा" भन्नाले माध्यमिक तहसम्म अध्ययन गरेका युवालाई यस | "युवा वर्ग स्वरोजगार कर्जा" भन्नाले आधारभूत शिक्षा प्राप्त | आर्थिक विपन्नताको कारण नेपालमा अझैपनि कैयौ युवाले माध्यमिक तहसम्मको शिक्षा पुरा गर्न नसक्ने अवस्था विद्यमान छ । यसबाट |

| ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु | | | |
|---|---|---|---|
| **क्र. स.** | **हाल विद्यमान रहेको प्रावधान** | **संशोधनका लागि गरिएको प्रस्ताव** | **संशोधनको आधार र कारण** |
| | कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनुपर्छ । | गरेका वा नगरेका कुनैपनि युवालाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनुपर्छ । यस्तो कर्जामा दलित तथा सिमान्तकृत समुदायका युवालाई प्राथमिकता दिइनेछ । | विशेषगरी आर्थिकरुपमा विपन्न, महिला, पिछडीएको जातजाती, दलित, सिमान्तकृत समुदाय, लोपोन्मुख समुदायका व्यक्तिहरु विद्यमान योजनाबाट बाहिर पर्ने र सोको कारण लक्षित समूह नै अवसरबाट बञ्चितिमा पर्ने भएकोले यस योजनामा शिक्षाको शर्त नराखी सबै युवाहरुलाई यस किसिमका कर्जा प्रवाह गर्ने हुनुपर्ने । |
| ४ | परिच्छेद २, बुदा नं. (३) को (च): उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा पाँच लाख रुपैयाँसम्म । | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा १० लाख रुपैयाँसम्म । यस्तो कर्जामा दलित तथा सिमान्तकृत समुदाय र महिला युवालाई प्राथमिकता दिइनेछ । | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा निश्चित ठाउँहरुमा मात्र अध्ययन अध्यापन हुने, घरबाट टाढा रहेर पढ्नुपर्ने, महँगो शुल्क तिर्नु पर्ने र आर्थिक लगानी गर्नुपर्ने भई विद्यमान रकम अपुग हुनसक्ने भएकोले समयानुकुल यसलाई बढाएर १० लाख बनाईनुपर्ने । |
| | परिच्छेद २ बुदा नं. (३) को (झ) : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु. २ लाख रुपैयासम्म । | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु. ५ लाख रुपैयासम्म । | प्राविधिक शिक्षा तथा व्यासायिक तालीम परिषद्को एक तथ्यांक अनुसार (बार्षिक प्रतिवेदन २०७४/७५ को पेज नं. ३ को १.६ को तालिका १.१ अनुसार ) अझैपनि प्राविधिक शिक्षा तथा व्यावशायिक तालिम प्राप्त गर्ने शैक्षिक संस्थाको उपलव्धता र उक्त सीप प्राप्त गर्ने अवसरका लागि समेत विद्यमान रकम अपुग हुने देखिएकोले उक्त रकमलाई बढाएर ५ लाख गरिनुपर्ने । |
| ५ | परिच्छेद २ बुदा नं. (३) (ञ) : युवा वर्ग स्वरोजगार कर्जा | युवा वर्ग स्वरोजगार कर्जा रु.सात लाख | अहिलेको महँगीमा सानो व्यवसाय गर्नका लागि पनि थोरै लगानीमा |

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र.स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| | रु.पाँच लाख रुपैयासम्म। | रुपैयासम्म । यस्तो कर्जामा दलित तथा अन्य सिमान्तकृत समुदायका युवालाई प्राथमिकता दिइनेछ । | सञ्चालन गर्न सक्ने नभएकाले व्यवसाय सञ्चालनका लागि पाँच लाखलाई बढाएर ७ कम्तिमा लाख बनाइनुपर्ने । |
| ६ | परिच्छेद ३ को बुदा नं.(६)(२) : उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्नेछ । | उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्नेछ । तर बैंक वा बित्तिय संस्थामा धितोवापत राखिएको सक्कल प्रमाणपत्र आवश्यक परेको खण्डमा कारण जनाई केही दिनका लागि फिर्ता लिई पुनः फिर्ता गर्न सकिने व्यवस्था त्यस्तो बैंक वा बित्तिय सस्थाले गर्न सक्नेछन् । | बैंक तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्ने प्रावधान सुरक्षणको हिसावले आवश्यक भएपनि निवेदकलाई उच्च शिक्षा अध्ययन वा व्यवशाय प्रवर्द्धन गर्न वा रोजगारीका लागि सक्कल प्रमाणपत्र आवश्यक परेको अवस्थामा निवेदन दिई लिएर पुनः फिर्ता गर्ने व्यवस्था भएमा त्यसको दुरुपयोग पनि नहुने र व्यक्तिको हित र अधिकार पनि सुनिश्चित गर्न सकिने । |

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र. स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| ७ | परिच्छेद ३, बुदा नं. (७)(३) : यस कार्यविधि बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम कर्जा सुरक्षण गर्नु पर्नेछः नभएको (परिच्छेद ३, बुदा नं. (७)(३) मा (क) थप गर्नुपर्ने | यस कार्यविधि बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने (व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा बाहेक) सबै प्रकारको कर्जाको देहाय बमोजिम सुरक्षण गर्नुपर्नेछ । *तर दलित र महिला ऋणीका हकमा बीमा गराउदा लाग्ने सबै शुल्क अनुदान खाताबाट सोधभर्ना गरिनेछ ।* | धेरैजसो कर्जा विना धितो उपलब्ध गराइने प्रकृतिका भएकोले सबै किसिमका कर्जामा कर्जा सुरक्षण गराउने प्रावद्यान भएमा बैंक तथा वित्तीय संस्थाहरुले विना हिचकिचावट त्यस्तो कर्जा प्रदान गर्न सक्ने वातारवरण बन्न सक्ने भएकोले सबै प्रकारको कर्जामा सुरक्षणको व्यवस्था गर्न उपयुक्त हुने । साथै केही लक्षित वर्गका लागि विशेष सहुलियत दिनुपर्ने । |
| ८. | परिच्छेद ४, बुदा नं. (१०)(१)(ख) (१) : कम्तीमा स्नातक तह उत्तीर्ण भएको र ४० वर्ष उमेर ननाघेको । | कम्तीमा माध्यामिक शिक्षा वा कक्षा १२ वा सो सरहको अध्ययन पुरा गरेका युवा । | नेपालका सबै स्थानमा उच्च शिक्षा अध्ययन गर्न आफ्नो घरबाट टाढा बसेर मात्र अध्ययन गर्नु पर्ने बाध्यता रहेकाले धेरै जसो पिछडीएको जातजाती, दलित, सिमान्तकृत समुदाय, लोपोन्मुख समुदायका व्यक्तिहरु, महिला आदि एसईईबाट माथि जान नसकी रहेकाले एसईई सम्म अध्ययन गरेका व्यक्तिहरुलाई पनि स्वरोजगारमा सहभागी गराउनका लागि । |
| ९ | परिच्छेद ४, बुँदा नं १० (१) (च) (१) : माध्यामिक शिक्षा वा सो सरह उर्त्रीण गरी २५ बर्ष उमेर ननाघेको । | माध्यामिक शिक्षा वा सो सरह उर्त्रीण गरेको । | शिक्षा आर्जन गर्न जुनसुकै उमेरमा पनि गर्न सकिने हुनाले उमेरको हद राख्नु उपयुक्त नहुने । |
| १०. | परिच्छेद ४ बुदा नं. (१०) (१) (ज) (१) : सिप विकास उद्यमशीलता तालिम केन्द्र, घरेलु | सिप विकास उद्यमशीलता तालिम केन्द्र, घरेलु तथा साना | घरेलु तथा साना उद्योग कार्यालय/समिति, सिप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा |

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र. स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| | तथा साना उद्योग कार्यालय वा समिति, प्राविधिक शिक्षा तथा व्यासायिक तालिम परिषद् लगायतका सरकारी निकायमध्ये कुनै निकायबाट कम्तीमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सिप विकास र उद्यमशीलता तालिम अनिवार्य रुपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सिप विकास तालिम लिएको प्रमाण पेश गरेको । | उद्योग कार्यालय वा समिति, प्राविधिक शिक्षा तथा व्यासायिक तालिम परिषद् लगायतका सरकारी निकाय वा सरकारवाट मान्यताप्राप्त *शैक्षिक संस्था वा निकायमध्ये* कुनै निकायबाट कम्तीमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सिप विकास र उद्यमशीलता तालिम अनिवार्य रुपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सिप विकास तालिम लिएको प्रमाण पेश गरेको ।<br>दलित समुदायको परम्परागत सीपमा आधारित व्यवसायको हकमा एकाघरको कुनै सदस्यले उक्त पेशा गरेको स्थानीय बडाले प्रमाणित गरेको प्रमाण । | व्यवसायिक तालिम परिषद् लगायतका सरकारी निकायहरुले उक्त तालिम निश्चित समयमा र सिमित संख्यालाई मात्र दिने हुनाले पिछडीएको जातजाती, दलित, सिमान्तकृत समुदाय, लोपोन्मुख समुदाय, महिलाहरुको विविध कारणले उक्त तालिममा अवसर नपाएका हुन सक्ने हुनाले, सरकारवाट मान्यता प्राप्त शैक्षिक वा सम्वन्धित निकायबाट भएपनि ७ दिनको तालिम लिएको भएमा मान्यता दिनु पर्ने गरी सीप सिकाइको दायरालाई फराकिलो गर्नुपर्ने। |
| ११ | नभएको | परिच्छेद ७, बुंदा नं १५ मा (ङ) थप गर्नुपर्ने : सहुलियतपूर्ण कर्जा, कर्जा प्राप्त गर्ने पक्रियाका बारेमा बैंक तथा बित्तिय संस्थाले | कर्जा प्रवाहबाट विशेषगरी शिक्षित तथा बैंक तथा बित्तिय संस्थासँग पहुँच राख्ने व्यक्तिले मात्र यस प्रकारका सेवा सुविधामा पहुँच राख्ने । वास्तविकरुपमा आर्थिक रुपमा विपन्न तथा सिमान्तकृत समुदायका |

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र.स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| | | आफ्नो सेवा प्रवाह सम्वन्धी सूचनामा उक्त विषय सार्वजनिक रुपमा टाँस गरिएको वा वेभसाइटमा समावेश गर्ने । इच्छुक निवेदकलाई सहजीकरण गर्न बैंक तथा बित्तिय संस्थाले हेल्प डेस्क राख्ने व्यवस्था मिलाउने छन् । | व्यक्तिहरु यस प्रकारका सेवा सुविधावाट बञ्चितिमा परेको विषय बैंकहरुसँगको छलफलमा आएकोले सूचना प्रवाह गर्ने विषयलाई कार्यविधिमा नै समावेश गर्नु उपयुक्त हुने । लक्षित लाभग्राहीहरुले बैंकिंङ प्रकिया नजान्ने हुदा सहजीकरण गर्न आवश्यक रहेको । यसका लागि इन्टर्नहरु परिचालन गर्न सकिने । |
| १२ | नभएको | परिच्छेद ६, बुंदा नं १३ (क, थप्ने) मा "महिला उध्यमशीलता कर्जा र दलित समुदाय व्यबसाय विकास कर्जा को हकमा यो अनुदान ७ प्रतिशत उपलव्ध हुनेछ।" | दलित समुदायको पेशालाई व्यवसायीकरणमा सहयोग गर्न । |
| १३ | नभएको | परिच्छेद ७ क, बुंदा नं १५ (क)मा (ङ) पछि (ङ१) थप गर्नुपर्ने : कृषक अधिकार राष्ट्रिय महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र गैसस महासंघ वा नागरिक संघ संस्थाका तर्फबाट कम्तीमा एक एक जना महिला र दलित हुने गरी तीनजना प्रतिनिधि । | यस प्रकारको संरचनामा नागरिक समाजको उपस्थिति आवश्यक हुने र नागरिक समाजको उपस्थिति भएमा नागरिक वा सेवा ग्राहीका गुनासा र सवालहरुलाई सहज रुपमा सम्बोधन गर्न सकिने र नागरिक संघ संस्थाको स्थान समेत सुरक्षित हुने भएकोले यो प्रावधान कार्यविधिमा थप गर्नुपर्ने। |
| १४ | नभएको | परिच्छेद ८, बुंदा नं २० | यस प्रकारको संरचनामा नागरिक |

## ७. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्वन्धी एकीकृत कार्यविधि, २०७५ संशोधनका लागि ठोस सुझावहरु

| क्र. स. | हाल विद्यमान रहेको प्रावधान | संशोधनका लागि गरिएको प्रस्ताव | संशोधनको आधार र कारण |
|---|---|---|---|
| | | मा च१ थप गर्नुपर्ने : कृषक अधिकार राष्ट्रिय महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र गैसस महासंघ वा नागरिक संघ संस्थाका तर्फबाट कम्तीमा एक एक जना महिला र दलित हुने गरी तीनजना प्रतिनिधि । | समाजको उपस्थिति आवश्यक हुने र नागरिक समाजको उपस्थिति भएमा नागरिक वा सेवाग्राहीका गुनासा र सवालहरुलाई सहज रुपमा सम्बोधन गर्न सकिने र नागरिक संघ संस्थाको स्थान समेत सुरक्षित हुने भएकोले यो प्रावधान कार्यविधिमा थप गर्नुपर्ने। महिला र दलितको सहभागिता सुनिश्चितता यस प्रकारका संरचनामा महत्वपूर्ण मानिने । |